मिति २०७८/११/०५
(१६फेब्रुअरी २०२२)
समय : ११ :०० बजे

# गैरआवासीय नेपाली संघ
# निर्वाचन समितिको कार्यालय
# निर्वाचन कार्यक्रमको सूचना

यस गैरआवासीय नेपाली संघको मिति २०७८/१२/१२ र १३ गते (26th and 27th March, 2022) मा हुने वार्षिक साधारण सभाबाट अन्तर्राष्ट्रिय समन्वय परिषदमा गैरआवासीय नेपाली संघको विधान २००३ (संसोधन २०२१ सहित) को धारा १७ (२) बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष - १, उपाध्यक्ष - ४, महिला उपाध्यक्ष - १, युवा उपाध्यक्ष - १, महासचिव - १, सचिव - ३, महिला सचिव - १, कोषाध्यक्ष - १, सहकोषाध्यक्ष - १, महिला सह कोषाध्यक्ष - १, महिला संयोजक - १, युवा संयोजक - १, क्षेत्रीय संयोजक - ६, क्षेत्रीय उपसंयोजक - ६ (कम्तिमा) नोट : १० सम्म राष्ट्रिय समन्वय परिषद भएका क्षेत्रमा १ जना, १० भन्दा बढि २० सम्म भएमा थप १ जना आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या १५ हजार सम्म भएमा प्रत्येक १५ हजार सदस्य बराबर १ जना उपसंयोजक), क्षेत्रीय महिला संयोजक - ६, क्षेत्रीय युवा संयोजक - ६, क्षेत्रीय महिला उपसंयोजक - ६, क्षेत्रीय युवा उपसंयोजक - ६ जना गरी जम्मा कम्तिमा ५३ जनाको मिति २०७८/१२/०७ र ०८ गते (21st and 22nd March, 2022) मा हुने निर्वाचन प्रयोजनको लागि अन्तराष्ट्रिय समन्वय परिषदको अख्तियार प्राप्त अध्यक्षबाट १४ फेब्रुअरी (14th February, 2022) का दिन महाधिवेशन प्रतिनिधिहरुको विवरण उपलब्ध भएको छ । उपलब्ध प्रतिनिधि विवरणमा वैकल्पिक प्रतिनिधिको पनि व्यवस्था भएकाले प्रारम्भिक सुचिमा रहनु भएका प्रतिनिधिहरुले तोकिएको समय भित्र आआफ्नो सेल्फी खिचाई दिनु पर्ने र गैरआवासीय नेपाली भएको प्रमाण पेश गर्नुपर्ने छ । यसरी प्रारम्भिक सुचीमा रहेका प्रतिनिधिहरुले तोकिएको समय भित्र प्रकृया पुरा गर्न नसकेमा वैकल्पिक सुचिमा रहेका प्रतिनिधिहरुलाई नियमानुसार प्रकृया पुरा गरी निर्वाचनमा सहभागी हुने अवसर दिइनेछ । निर्वाचन कार्यक्रमको कार्य तालिका निम्न लिखित बमोजिम रहेको सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र. सं | कार्यक्रम | मिति | समय (नेपाली) | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | प्रारम्भिक महाधिवेशन प्रतिनिधि नामावली प्रकाशन (सेल्फी र गैरआवसिय नेपाली पहिचान प्रमाणिकरण गर्ने समय) | फेब्रुअरी १७ | ११:०० | | गैरआवासीय नेपाली संघको कार्यालय र संघको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फेब्रुअरी २२ | | १७:०० | आधिकारीक वेभसाइट |
| २ | मतदाता नामावली प्रकाशन | फेब्रुअरी २३ | | १७:०० | ” ” |
| ३ | मतदाता नामावली उपर दाबी बिरोध गर्ने | फेब्रुअरी २४<br>फेब्रुअरी २७ | १०:०० | १७:०० | ” ” |
| ४ | दाबी विरोध माथि छानबिन गरि निर्णय गर्ने | मार्च २ | | १७:०० | ” ” |
| ५ | अन्तिम मतदाता नामावली प्रकाशित गर्ने | मार्च ३ | | १७:०० | ” ” |
| ६ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | मार्च ४<br>मार्च ५ | १०:०० | १७:०० | ” ” र अनलाइन मार्फत |
| ७ | उम्मेदवारको पहिलो नामावली प्रकाशन गर्ने । | मार्च ६ | १४:०० | | ” ” |
| ८ | उम्मेदवारको उम्मेदवारी विरुद्ध दावी विरोध गर्ने । | मार्च ६<br>मार्च ७ | १५:०० | १०:०० | ” ” |
| ९ | उम्मेदवारको मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | मार्च ८ | | १७:०० | ” ” |
| १० | उम्मेदवारको दोश्रो नामावली प्रकाशित गर्ने | मार्च ९ | ११:०० | | |
| ११ | उम्मेदवारले आफ्नो मनोनयन पत्र फिर्ता लिने । | मार्च ११ | | १७:०० | ” ” |
| १२ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | मार्च १२ | | १७:०० | ” ” |
| १३ | मतदान गर्ने । | मार्च २१<br>मार्च २२ | १०:०० | ९:५९ | ” ” |
| १४ | मतगणना गर्ने । | मतदान समाप्त भए पछि | | | ” ” |
| १५ | मतगणनाको परिणाम घोषणा गर्ने | मतगणना समाप्त भएपछि | | | ” ” |

**नोट :**

१. मतदाताज्यूहरुले पठाउनु भएको इमेल, फोन नं. मा कुनै समस्या भएमा वा परिवर्तन भएमा मतदान हुनु भन्दा १२ दिन अगावै सचिवालय वा निर्वाचन समितिलाई जानकारी गराउनु पर्ने छ । अन्यथा निर्वाचन समिति जवाफदेही हुने छैन ।

२. मतदाताज्यूहरुले उपलब्ध गराएको इमेलमा मार्च १४ तारिखका दिन निर्वाचन समितिबाट कर्न्फमेशनको लागि इमेल पठाईनेछ । उक्त इमेल प्राप्त नभएमा निर्वाचन समितिलाई तुरन्त जानकारी गराउनु पर्नेछ ।

Non-Resident Nepali Association NRNA

३. उम्मेदवारले आफ्नो उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न आउँदा वा इमेल मार्फत पठाउँदा गैरआवासीय नेपाली संघको बिधान बमोजिमको योग्यता पुगेको विवरण निवेदनमा खुलाउनु पर्नेछ ।

४. उम्मेदवार हुन संघको विद्यान बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

५. उम्मेदवारी मनोनयन पत्र दर्ता दस्तुर नेपाली रुपैंयामा निम्नानुसार लाग्नेछ ।

(क) अध्यक्ष - १०,००,०००/-

(ख) उपाध्यक्ष - ७,००,०००/-

(ग) महासचिब - ६,००,०००/-

(घ) सचिब - ५,००,०००/-

(ङ) कोषाध्यक्ष - ५,००,०००/-

(च) सहकोषाध्यक्ष - ४,००,०००/-

(छ) महिला संयोजक - ३,५०,०००/-

(ज) युवा संयोजक - ३,५०,०००/-

(झ) क्षेत्रीय संयोजक - ३,५०,०००/-

(ञ) क्षेत्रीय उप संयोजक - २,५०,०००/-

(ट) क्षेत्रीय महिला संयोजक - २,५०,०००/-

(ठ) क्षेत्रीय युवा संयोजक - २,५०,०००/-

(ड) क्षेत्रीय महिला उपसंयोजक - २,००,०००/-

(ढ) क्षेत्रीय युवा उपसंयोजक - २,००,०००/-

(ण) निर्वाचित आइसिसि सदस्य - १,५०,०००/- (सपथ ग्रहण अगाडि बुझाउनु पर्ने)

६. उम्मेदवारले यस संघलाई कुनै दस्तुर, शुल्क, बक्यौता तिर्न बाँकी नरहेको हुनु पर्नेछ ।

७. निर्वाचन कार्यतालिकामा तोकिएको दिन र समयमा सार्वजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

८. मतदान हुने दिन जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समय देखि २४ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ ।

९. कुनै उम्मेदवारको नामावली उपर कोही कसैको दावी विरोध परेमा सो जानकारी सम्वन्धित उम्मेदवारलाई निजले उपलब्ध गराएको मोबाइल नं. वा इमेल मार्फत गराइने छ । उक्त सूचना सम्प्रेषण भएको ५ घण्टा भित्र निर्वाचन समिति समक्ष उपस्थित भई वा इमेल मार्फत आफ्नो ब्यहोरा लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

१०. बैंक खातामा जम्मा गर्ने वा नगद बुझाउने :

**Account number of NRNA**

| | | |
|---|---|---|
| Account No | : | 024010010000526 |
| Beneficiary | : | NRNA |
| Bank | : | Sanima Bank Limited |
| Branch | : | Teku, Kathmandu |
| Swift | : | SNMANPKA |

Non-Resident Nepali Association NRNA

**सम्पर्क ठेगाना :** ec2021@nrna.org, help@nrna.org, संघको सचिवालय स्थित निर्वाचन कार्यालय ।

११. महाधिवेशन प्रतिनिधि लिष्टमा भएका सम्पूर्ण सदस्यहले आफ्नो सेल्फी तोकिएको समयमा नपठाएमा वैकल्पिकलाई प्राथमिकतामा राखि क्रमानुसार रिक्त स्थानमा समावेश गरिने छ । प्राथमिकतामा निर्वाचित आईसिसि सदस्य अग्र स्थानमा रहनेछ ।

१२. अन्य थप जानकारीको लागि यस संघबाट प्रकाशित सूचना तथा निर्वाचन समितिले प्रकाशित गरेका सूचनाहरु हेर्नुहुन सुचित गरिन्छ ।

१३. मतदान विधुतीय माध्यमबाट गरिने भएकोले निर्वाचन समितिले तोकेको कम्पनीले दिएको मतदान विवरण नै अन्तिम हुनेछ।

१४. संघको विधान बमोजिम जम्मा गर्नुपर्ने पञ्जिकृत सदस्यता शुल्क अन्तिम मतदाता नामावली प्रकाशन अगावै (अर्थात १२ मार्च २०२२, दिनको ११ बजे सम्म) संघको सचिवालयमा जम्मा नगरे वा जम्मा गरेको निस्सा दाखिल नगरेमा निर्वाचनमा भाग लिन पाइने छैन ।

१५. मतदाताको पहिचान इमेल र अनुहार मार्फत गरिने भएकोले आफ्नो इमेल र सेल्फी फोटो MIS प्रणालीमा पठाउनु वा दर्ता गराउनु हुन समेत सुचीत गरिन्छ।

१६. मतदान पुर्व अभ्यास मतदान पनि गरिनेछ । यसमा निर्वाचन समितिले तोकिएका उम्मेदवार सहितका केही मतदाताहरुलाई मात्र समावेश गरिनेछ ।

१७. अन्य आवश्यक परेका केही विषय भई आएमा निर्वाचन समितिको निर्णय अनुसार हुनेछ ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

..............................
भीमसेन बन्जारा
अधिवक्ता
प्रमुख निर्वाचन अधिकृत